विधेयक संख्या:

# अनुगमन तथा मूल्याङ्कन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**संघीय संसद सचिवालय**

**संसद भवन**

**सिंहदरबार**

## उद्देश्य र कारण

विकास नीति, योजना, कार्यक्रम तथा आयोजनाको अनुगमन तथा मूल्याङ्कनलाई व्यवस्थित गरी विकास प्रकृयालाई नतिजामूलक र पारदर्शी वनाई सार्वजनिक जवाफदेहिता सुनिश्चित गर्दै दीगो विकास मार्फत जनताको जीवनस्तरमा सुधार ल्याउनु अहिलेको मुख्य आवश्यकता हो । बदलिदो शासकीय स्वरुप अनुरुप विकास प्रकृयालाई रुपान्तरण गर्न तथा विकासको मूल प्रवाहमा सवै वर्ग समाहित हुने वातावरण सिर्जनाको लागि विकासमा हुने लगानी र प्रतिफलको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्थालाई व्यवस्थित गर्न आवश्यक भएको छ । संघ, प्रदेश तथा स्थानीय तहका विकास आयोजनाको अनुगमन तथा मूल्याङ्कन गर्न, अनुगमन तथा मूल्याङ्कनका आधार, चरण, मापदण्ड, अनुगमन मूल्याङ्कन गर्ने निकाय, राष्ट्रिय विकास समस्या समाधान समिति तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति सहितको कानूनी व्यवस्था गरी विकास पूर्वाधारहरुलाई उपलव्धिमूलक बनाउन अनुगमन तथा मूल्याङ्कनका सम्वन्धमा छुट्टै ऐनको आवश्यकता देखिएको छ ।

अनुगमन तथा मूल्याङ्कन नियमित तथा आवधिक रुपमा गर्ने र अनुगमन तथा मूल्याङ्कनमा सार्वजनिक निकायका प्रमुखहरुको जिम्मेवारी निर्दिष्ट गरी जबाफदेहिता कायम गर्ने उद्देश्यले प्रस्तुत "अनुगमन तथा मूल्याङ्कन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक" संघीय संसद समक्ष पेश गर्नु परेको हो।

केपी शर्मा ओली
प्रधानमन्त्री

## आर्थिक टिप्पणी

मुलुकले अङ्गीकार गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको सुदृढीकरणका लागि सङ्घ, प्रदेश र स्थानीय तह बीच हुने विकास निर्माणको अनुगमन तथा मूल्याङ्कन आवश्यक भएको छ । अनुगमन वा मूल्याङ्कन दोहोरो नपर्ने गरी गर्नु पर्ने तथा अनुगमन वा मूल्याङ्कन तेस्रो पक्षबाट गराउन सकिने सहितका व्यवस्था प्रस्तुत विधेयकमा गरिएको छ । उक्त व्यवस्थाबाट नेपाल सरकारलाई आर्थिक व्ययभार पर्न जाने भएपनि यति नै व्ययभार पर्न जाने भनी यकीन गर्न सकिने अवस्था छैन ।

## प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

अनुगमन तथा मूल्याङ्कन  सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा रहेको प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी देहाय बमोजिम पेश गरिएको छ :-

| क्र.सं. | दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १. | १३ को उपदफा (४) | जिल्लासभाले गाउँपालिका र नगरपालिकाहरुको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने सम्बन्धी व्यवस्था गर्नु पर्ने भएको। | नियमावली नेपाल सरकारले बनाउने । | ऐन कार्यान्वयन गर्न थप सरल र सहज बनाउने । |
| २. | १५को उपदफा (१) | अनुगमन वा मूल्याङ्कन गर्न जिम्मेवारी पाएको निकायले वार्षिक रुपमा तेस्रो पक्षबाट अनुगमन वा मूल्याङ्कन गराउन सक्ने व्यवस्था गर्न । | तेस्रो पक्षबाट अनुगमन तथा मूल्याङ्कन हुने आयोजना तथा कार्यक्रमको पहिचान हुन जाने । | अनुगमन तथा मूल्याङ्कनमा सहजता आउने । |
| ३. | २३ | योजनाको अनुगमन वा मूल्याङ्कन गर्दा सेवा प्रदायक र सेवाग्राहीलाई सहभागी गराउने सम्बन्धमा व्यवस्था गर्न। | अनुगमन तथा मूल्याङ्कनमा सेवा प्रदायक र सेवाग्राही समेत सहभागी हुन जाने । | मूल्याङ्कनको विश्वसनियता बृद्धि हुने । |
| ४. | २४ | संघ, प्रदेश र स्थानीय तहबाट विकास निर्माणमा सामाजिक जवाफदेहिता प्रबर्द्धन गर्न सम्बन्धित निकायले गर्ने सार्वजनिक | सार्वजनिक परीक्षण (पब्लिक अडिट) वा सामाजिक परीक्षण (सोसल अडिट) वा सार्वजनिक सुनुवाइ (पब्लिक हेयरिङ्ग) को व्यवस्थापन हुन जाने । | सार्वजनिक परीक्षण वा सामाजिक परीक्षण वा सार्वजनिक सुनुवाइ भई सेवाग्राही जनता प्रति सामाजिक जवाफदेहिता प्रवर्धन हुने एवं विकास |

| | | | | |
|---|---|---|---|---|
| | | परीक्षण (पब्लिक अडिट) वा सामाजिक परीक्षण (सोसल अडिट) वा सार्वजनिक सुनुवाइ (पब्लिक हेयरिङ्ग) को सम्वन्धमा व्यवस्था गर्न । | | निर्माणमा विश्वासनियता बृद्धि हुन जाने। |
| ५. | २५ को उपदफा (१) | सार्वजनिक निकायले सेवा प्रवाहको लागि विद्युतीय प्रणालीको प्रयोग गर्न सक्ने र त्यस्तो प्रणालीमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आयोगको पहुँच सम्बन्धमा व्यवस्था गर्न। | प्रविधिको प्रयोगले सेवा प्रवाहमा प्रभावकारीता आउन सक्ने एवम् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आयोगलाई जानकारी हुन जाने । | ऐनको कार्यान्वयनमा सहजिकरण हुने । |

## अनुगमन तथा मूल्याङ्कन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको
## व्याख्यात्मक टिप्पणी

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| २. | परिभाषा | ऐनमा पटक पटक दोहोरिएका शब्दहरूलाई परिभाषित गर्न आवश्यक भएकोले । |
| ३. | अनुगमन तथा मूल्याङ्कन गर्नु पर्ने | सङ्घ, प्रदेश र स्थानीय तहका योजनाको नियमित र आवधिक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्नु वा गराउनु पर्ने व्यवस्था यस दफामा गरिएको छ । |
| ४. | अनुगमन तथा मूल्याङ्कनका आधार | अनुगमन तथा मूल्याङ्कन गर्दा लिनु पर्ने आधारहरुमा दीर्घकालीन सोच सहितका विषय हुने र ती आधार सम्बन्धी व्यवस्था यस दफामा गरिएको छ । |
| ५. | योजना कार्यान्वयनको मूल्याङ्कन | सार्वजनिक निकायले आफूसँग सम्बन्धित योजना कार्यान्वयनको विषयमा मूल्याङ्कन गर्नु वा गराउनु पर्ने, आयोगले दीर्घकालीन र मध्यावधिक आवधिक योजनाको बीचमा र अन्त्यमा कार्यान्वयन अवस्थाको मूल्याङ्कन गर्नु वा गराउनु पर्ने तथा मूल्याङ्कनबाट प्राप्त सुझावलाई त्यस्तो योजना परिमार्जन गर्दा वा नयाँ योजना तर्जुमा गर्दा पृष्ठपोषणको रुपमा लिनु पर्ने व्यवस्था यस दफामा गरिएको छ । |
| ६ | मूल्याङ्कनको चरण | कुनै योजना अन्तर्गतको कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्ने निकायले कार्यक्रम तथा आयोजना सुरु गर्नु अघिकै अवस्थामा सोको औचित्य र लाभ-लागत सहितका आधारमा पूर्व मूल्याङ्कन गर्नु वा गराउनु पर्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ७ | मूल्याङ्कनको आधारभूत मापदण्डको निर्धारण | आयोगले योजनाको मूल्याङ्कनको लागि आधारभूत मापदण्ड निर्धारण गर्न सक्ने तथा निर्धारण गरिएका मापदण्ड सार्वजनिक निकाय, साझेदार लगायत सम्बन्धित सबै पक्षले पालना गर्नु पर्ने व्यवस्था यस दफामा गरिएको छ । |
| ८. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले अनुगमन तथा मूल्याङ्कन गर्न सक्ने | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले कानून बमोजिम कुनै निकाय वा पदाधिकारीले गरेको अनुगमनको अनुगमन गर्न वा गराउन सक्ने व्यवस्था यस दफामा गरिएको छ । |
| ९. | आयोगले अनुगमन, | आयोगले नेपाल सरकारका आवधिक योजना, गुरु योजना, वार्षिक योजना, राष्ट्रिय |

| | | |
|---|---|---|
| | मूल्याङ्कन गर्न सक्ने | महत्वका योजना, समस्यामूलक योजनाको अनुगमन वा मूल्याङ्कन गरी समीक्षा गर्ने सहितका बिषयमा अनुगमन वा मूल्याङ्कन गर्न वा गराउन सक्ने सम्वन्धी व्यबस्था यस दफामा गरिएको छ । |
| १०. | सम्बन्धित मन्त्रालयले अनुगमन, मूल्याङ्कन गर्ने | मन्त्रालयले आफ्नो मातहत सञ्चालित विकास योजनाको लगानी एवं प्रतिफलको नियमित रुपमा अनुगमन र मूल्याङ्कन गर्नु वा गराउनु पर्ने व्यवस्था यस दफामा गरिएको छ । |
| ११. | आयोजनाको प्रमुखले अनुगमन तथा मूल्याङ्कन गर्ने | कुनै आयोजनाको प्रमुखले नियमित रुपमा आयोजनाको अनुगमन तथा मूल्याङ्कन गरी प्राप्त तथ्यका आधारमा आयोजना सम्बन्धी निर्णयलाई तथ्यपरक बनाउने, समस्या पहिचान गरी समाधान गर्ने र सोको विवरण सम्बन्धित मन्त्रालय र आयोगमा पठाउनु पर्ने सम्वन्धी व्यबस्था यस दफामा गरिएको छ । |
| १२. | प्रदेशस्तरमा अनुगमन तथा मूल्याङ्कन गर्ने | प्रदेश सरकारले कानून बनाई प्रदेशस्तरका योजनाको नियमित रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था मिलाउने । प्रदेशको कानून नबनेसम्म प्रदेश सरकारले यस ऐन बमोजिमको प्रक्रिया अवलम्बन गरी अनुगमन तथा मूल्याङ्कन गर्नु पर्ने सम्बन्धी व्यवस्था यस दफामा गरिएको छ। |
| १३. | स्थानीय तहले अनुगमन तथा मूल्याङ्कन गर्ने | स्थानीय तहले स्थानीयस्तरका योजनाको नियमित रुपमा अनुगमन तथा मूल्याङ्कन गर्नु पर्ने तथा त्यस्ता योजनाको अनुगमन तथा मूल्याङ्कन गर्ने सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले निर्धारण गरे बमोजिम हुने सम्बन्धी व्यवस्था यस दफामा गरिएको छ । |
| १४. | अनुगमन तथा मूल्याङ्कनमा सार्वजनिक निकायका प्रमुखको जिम्मेवारी | अनुगमन तथा मूल्याङ्कनलाई व्यवस्थित एवं विश्वासिलो बनाउन आवश्यक पर्ने स्रोत साधन उपलव्ध गराउने र आवश्यक जनशक्तिको व्यवस्था गर्ने दायित्व सार्वजनिक निकायका प्रमुखको हुने सहितका व्यवस्था यस दफामा गरिएको छ । |
| १५. | तेस्रो पक्षबाट अनुगमन वा मूल्याङ्कन गर्न सकिने | अनुगमन वा मूल्याङ्कन गर्न जिम्मेवारी पाएको निकायले तोकिएका कार्यक्रम तथा आयोजनाहरुको पहिचान गरी वार्षिक रुपमा तेस्रो पक्षबाट अनुगमन वा मूल्याङ्कन गराउन सक्ने सम्बन्धी व्यवस्था यस दफामा गरिएको छ । |
| १६. | दोहोरो नपर्ने गरी अनुगमन | विभिन्न निकायबाट अनुगमन वा मूल्याङ्कन गर्दा एउटै विषयमा दोहोरो नपर्ने गरी गर्नु पर्ने, |

| | | |
|---|---|---|
| | वा मूल्याङ्कन गर्नु पर्ने | कुनै निकायले गरेको अनुगमन वा मूल्याङ्कन प्रभावकारी नभएको वा पूर्ण नभएको भन्ने वस्तुनिष्ठ आधार भएको अवस्थामा माथिल्लो निकायले पुनः अनुगमन वा मूल्याङ्कन गर्न वा गराउन सक्ने सम्बन्धी व्यवस्था यस दफामा गरिएको छ । |
| १७. | प्रतिवेदन पेश गर्ने | योजना कार्यान्वयन गर्ने सार्वजनिक निकायले योजनाको अवधि, लक्ष्य, भौतिक तथा वित्तीय प्रगति, प्रमुख सूचकको अवस्था र कार्यान्वयनमा देखिएका समस्या तथा समाधानका उपाय समेत समावेश गरी द्वैमासिक, चौमासिक तथा वार्षिक प्रतिवेदन माथिल्लो निकायमा पेश गर्नु पर्ने सहितका व्यवस्था यस दफामा गरिएको छ । |
| १८. | सुझाव कार्यान्वयन गर्ने | अनुगमन वा मूल्याङ्कनबाट प्राप्त सुझाव सम्बन्धित सार्वजनिक निकायले कार्यान्वयन गर्नु पर्ने तथा सुझाव कार्यान्वयनको लागि कार्यान्वयन योजना तयार गर्नु पर्ने सहितका व्यवस्था यस दफामा गरिएको छ । |
| १९. | राष्ट्रिय विकास समस्या समाधान समिति | अनुगमन तथा मूल्याङ्कन सम्बन्धी सर्वोच्च संयन्त्रका रूपमा प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय विकास समस्या समाधान समिति रहने व्यवस्था यस दफामा गरिएको छ । |
| २०. | राष्ट्रिय विकास समस्या समाधान समितिको काम, कर्तव्य र अधिकार | राष्ट्रिय विकास समस्या समाधान समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था यस दफामा गरिएको छ । |
| २१. | मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति | नेपाल सरकारका सबै मन्त्रालयमा सम्बन्धित मन्त्रीको अध्यक्षतामा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति रहने व्यवस्था यस दफामा गरिएको छ । |
| २२. | मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको काम, कर्तव्य र अधिकार | मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था यस दफामा गरिएको छ । |
| २३. | सेवा प्रदायक र सेवाग्राहीलाई सहभागी | योजनाको कार्यान्वयन प्रक्रियालाई पारदर्शी तथा उत्तरदायी बनाउन त्यस्तो योजनाको अनुगमन वा मूल्याङ्कन गर्दा सेवा प्रदायक र सेवाग्राहीलाई सहभागी गराउन सकिने सम्बन्धी व्यवस्था यस दफामा गरिएको छ। |

| | | |
|---|---|---|
| | गराउन सकिने | |
| २४. | सार्वजनिक परीक्षण, सामाजिक परीक्षण वा सार्वजनिक सुनुवाइ गराउने | संघ, प्रदेश र स्थानीय तहबाट विकास निर्माणमा सामाजिक जवाफदेहिता प्रबर्द्धन गर्न सम्बन्धित निकायले सार्वजनिक परीक्षण (पब्लिक अडिट) वा सामाजिक परीक्षण (सोसल अडिट) वा सार्वजनिक सुनुवाइ (पब्लिक हेयरिङ्ग) गर्नु पर्ने व्यवस्था यस दफामा गरिएको छ । |
| २५. | विद्युतीय प्रणालीको प्रयोग | सार्वजनिक निकायले सेवा प्रवाहको लागि विद्युतीय प्रणालीको प्रयोग गर्न सक्ने र त्यस्तो प्रणालीमा तोकिए बमोजिम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आयोगको पहुँच हुने व्यवस्था यस दफामा गरिएको छ । |
| २६. | भौतिक तथा वित्तीय प्रगति विवरण दिनु पर्ने | प्रदेश र स्थानीय तहले सङ्घबाट प्राप्त सशर्त, समपूरक र विशेष अनुदानबाट सञ्चालित योजनाको भौतिक तथा वित्तीय प्रगति र निर्दिष्ट सूचक मार्फत उपलब्धिको विवरण नेपाल सरकारले तोकेको निकाय मार्फत आयोगलाई दिनु पर्ने व्यवस्था यस दफामा गरिएको छ। |
| २७. | आचार संहिता बनाउन सक्ने | आयोगले यस ऐन बमोजिम योजनाको अनुगमन वा मूल्याङ्कन गर्दा अनुगमनकर्ता वा मूल्याङ्कनकर्ताले पालना गर्नु पर्ने आचारसंहिता बनाई लागू गर्न सक्ने सम्बन्धी व्यवस्था यस दफामा गरिएको छ। |
| २८. | पुरस्कार दिन सक्ने | अनुगमन वा मूल्याङ्कन गर्दा कार्य प्रगति उत्कृष्ट ठहरिएको योजनाको प्रमुख वा सम्बन्धित कर्मचारीलाई नेपाल सरकारले पुरस्कार दिन सक्ने व्यवस्था यस दफामा गरिएको छ । |
| २९. | कार्यसम्पादन मूल्याङ्कन गर्दा आधार लिनु पर्ने | योजनामा संलग्न कर्मचारी वा पदाधिकारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा त्यस्तो योजनाको कार्य प्रगतिलाई समेत आधार लिनु पर्ने सम्बन्धी व्यवस्था यस दफामा गरिएको छ । |
| ३०. | विभागीय कारबाही हुने | विभागीय मन्त्रीले यस ऐनमा भएको व्यवस्था बमोजिम कार्य नगर्ने नगराउने विभागीय प्रमुखलाई सचेत गराउन सक्ने तथा समयमा कार्य नगर्ने निकाय, कार्यालय वा योजनाका प्रमुखलाई तालुक निकायका विभागीय प्रमुखले प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्न सक्ने सम्बन्धी व्यवस्था यस दफामा गरिएको छ । |
| ३१. | प्रचलित कानून बमोजिम हुने | यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम र यस ऐनमा उल्लेख नभएका विषयहरुको हकमा प्रचलित कानून बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ । |

| | | |
|---|---|---|
| | | |
| ३२. | नियम बनाउने अधिकार | यो ऐन कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्ने व्यवस्था यस दफामा गरिएको छ । |
| ३३. | निर्देशिका, कार्यविधि वा दिग्दर्शन बनाउन सक्ने | यो ऐन कार्यान्वयनका सन्दर्भमा आवश्यक पर्ने ढाँचा तोक्ने, अनुगमन तथा मूल्याङ्कनको समय तालिका निर्धारण गर्ने लगायतका विषयमा आयोगले आवश्यक निर्देशिका, कार्यविधि वा दिग्दर्शन बनाउन सक्ने व्यवस्था यस दफामा गरिएको छ । |

# <u>अनुगमन तथा मूल्याङ्कन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक</u>

<u>प्रस्तावना</u> : विकास नीति तथा योजनाको अनुगमन तथा मूल्याङ्कनलाई व्यवस्थित गरी विकास प्रक्रियालाई नतिजामूलक र पारदर्शी बनाउने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस ऐनको नाम "अनुगमन तथा मूल्याङ्कन ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनुगमन" भन्नाले योजना कार्यान्वयनमा स्रोत तथा साधनको प्रवाह उचित ढङ्गले भए, नभएको तथा अपेक्षित नतिजा हासिल भए, नभएको सम्बन्धमा निरन्तर वा आवधिक रुपमा निगरानी, निरीक्षण, अवलोकन, सूचना सङ्कलन, विश्लेषण तथा सुधार गर्ने कार्य सम्झनु पर्छ ।

(ख) "आयोग" भन्नाले राष्ट्रिय योजना आयोग सम्झनु पर्छ ।

(ग) "तेस्रो पक्ष" भन्नाले कुनै योजनाको तर्जुमा तथा कार्यान्वयनका चरणमा संलग्न नभएको स्वतन्त्र व्यक्ति सम्झनु पर्छ र सो शब्दले अनुगमन वा मूल्याङ्कन गर्ने संस्था वा तिनका प्रतिनिधिलाई समेत जनाउँछ ।

(घ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ङ) "मूल्याङ्कन" भन्नाले कार्यान्वयन चरणमा रहेका वा सम्पन्न भएका योजनाको सान्दर्भिकता, सामञ्जस्यता, प्रभावकारिता, कार्यदक्षता, प्रभाव तथा दिगोपनाका सम्बन्धमा उद्देश्यपूर्ण र व्यवस्थित तरिकाले गरिने मूल्याङ्कन सम्झनु पर्छ र सो शब्दले योजना सुरु गर्नु अघिको अवस्थामा सोको औचित्य र लाभ-लागतका आधारमा गरिने पूर्व मूल्याङ्कनलाई समेत जनाउँछ ।

(च) "योजना" भन्नाले विकास नीति, योजना, कार्यक्रम तथा आयोजना सम्झनु पर्छ।

(छ) "सार्वजनिक निकाय" भन्नाले देहायका निकाय सम्झनु पर्छः-

(१) संवैधानिक अङ्ग वा निकाय, अदालत, नेपाल सरकारका मन्त्रालय, सचिवालय, आयोग, विभाग वा सो अन्तर्गतका अन्य जुनसुकै सरकारी निकाय वा कार्यालय,

(२) नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रणमा रहेको संस्थान, कम्पनी, बैङ्क, समिति वा प्रचलित कानून बमोजिम सार्वजनिक स्तरमा स्थापित वा नेपाल सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य सङ्गठित संस्था,

(३) नेपाल सरकारद्वारा सञ्चालित वा नेपाल सरकारको पूर्ण वा अधिकांश अनुदान प्राप्त विश्वविद्यालय, महाविद्यालय, अनुसन्धान केन्द्र र यस्तै प्रकृतिका अन्य प्राज्ञिक वा शैक्षिक संस्था,

(४) विकास समिति ऐन, २०१३ बमोजिम गठित विकास समिति,

(५) नेपाल सरकारको ऋण वा अनुदानमा सञ्चालित संस्था,

(६) प्रदेश र स्थानीय तह अन्तर्गतका कार्यालय र प्रदेश तथा स्थानीय तहको कानून बमोजिम स्थापित समिति, संस्था र निकाय, र

(७) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक निकाय भनी तोकेको अन्य संस्था ।

## परिच्छेद-२

## अनुगमन तथा मूल्याङ्कन

३. अनुगमन तथा मूल्याङ्कन गर्नु पर्ने : सङ्घ, प्रदेश र स्थानीय तहका योजनाको नियमित र आवधिक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्नु वा गराउनु पर्नेछ ।

४. अनुगमन तथा मूल्याङ्कनका आधार : (१) यस ऐन बमोजिम योजनाको अनुगमन तथा मूल्याङ्कन गर्दा देहाय बमोजिमका विषयलाई आधार लिनु पर्नेछः-

(क) दीर्घकालीन सोच,

(ख) आवधिक योजना र रणनीति,

(ग) योजनाको दस्तावेज, सोच तालिका वा नतिजा खाका,

(घ) स्वीकृत वार्षिक विकास कार्यक्रम,

(ङ) योजनाको डिजाइन तथा लाभ-लागत,

(च) प्राविधिक तथा वातावरणीय पक्ष,

(छ) प्रक्षेपित उपलब्धी,

(ज) सामञ्जस्यता, सान्दर्भिकता, प्रभावकारिता तथा कार्यदक्षता,

(झ) लैङ्गिक समता तथा समावेशिता,

(ञ) नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि, सम्झौता वा प्रतिवद्धता, र

(ट) आयोगले तोकेका अन्य आधारहरु।

(२) उपदफा (१) बमोजिम अनुगमन वा मूल्याङ्कन गर्दा योजना स्वीकृत हुँदा निर्धारण गरिएको लगानी तथा प्रतिफल सम्बन्धी सूचकलाई समेत आधार मान्नु पर्नेछ ।

५. योजना कार्यान्वयनको मूल्याङ्कन : (१) सार्वजनिक निकायले आफूसँग सम्बन्धित योजना कार्यान्वयनको विषयमा मूल्याङ्कन गर्नु वा गराउनु पर्नेछ ।

(२) आयोगले दीर्घकालीन र मध्यावधिक आवधिक योजनाको बीचमा र अन्त्यमा कार्यान्वयन अवस्थाको मूल्याङ्कन गर्नु वा गराउनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम गरिएको मूल्याङ्कनबाट प्राप्त सुझावलाई त्यस्तो योजना परिमार्जन गर्दा वा नयाँ योजना तर्जुमा गर्दा पृष्ठपोषणको रुपमा लिनु पर्नेछ ।

६. मूल्याङ्कनको चरणः कुनै योजना अन्तर्गतको कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्ने निकायले देहाय बमोजिम मूल्याङ्कन गर्नु वा गराउनु पर्नेछः-

(क) कार्यक्रम तथा आयोजना सुरु गर्नु अघिकै अवस्थामा सोको औचित्य र लाभ-लागतका आधारमा पूर्व मूल्याङ्कन,

(ख) कार्यक्रम तथा आयोजना कार्यान्वयनको अवस्थामा सोको प्रक्षेपित उपलब्धी, सान्दर्भिकता, सामान्जस्यता, प्रभावकारिता, कार्यदक्षता र दिगोपनाको आधारमा चालू मूल्याङ्कन,

(ग) कार्यक्रम तथा आयोजना सम्पन्न हुने समयमा वा सम्पन्न भइसकेपछि सोको प्रक्षेपित उपलब्धि, सान्दर्भिकता, सामान्जस्यता, प्रभावकारिता, कार्यदक्षता र दिगोपनाको स्थिति समेत लेखाजोखा गरी सम्पन्न मूल्याङ्कन,

(घ) निर्धारित समयमा सम्पन्न हुन नसकेको वा न्यून प्रगति भएको योजनाको योजना परीक्षण मूल्याङ्कन,

(ङ) कार्यक्रम तथा आयोजना सम्पन्न भई पूर्ण रुपमा सञ्चालनमा आएपछि सो कार्यक्रम तथा आयोजनाले अर्थतन्त्र वा जनजीवनमा पर्न गएको सकारात्मक वा नकारात्मक प्रभाव हेर्नका लागि सान्दर्भिकता, सामञ्जस्यता, प्रभावकारिता, कार्यदक्षता, दिगोपना तथा प्रभाव समेत हेर्ने गरी प्रभाव मूल्याङ्कन।

७. मूल्याङ्कनको आधारभूत मापदण्डको निर्धारण : (१) आयोगले योजनाको मूल्याङ्कनको लागि आधारभूत मापदण्ड निर्धारण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम आयोगबाट निर्धारण गरिएका मापदण्ड सार्वजनिक निकाय, साझेदार लगायत सम्बन्धित सबै पक्षले पालना गर्नु पर्नेछ ।

परिच्छेद-३

अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय

८. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले अनुगमन तथा मूल्याङ्कन गर्न सक्ने : (१) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नेपाल सरकारको नीति, योजना तथा वार्षिक कार्यक्रमको कार्यान्वयन, कार्यसम्पादन तथा विकास नतिजा र सेवा प्रवाहको सन्दर्भमा सम्बन्धित निकाय वा पदाधिकारीलाई जवाफदेही बनाउने एवं राष्ट्रिय आकांक्षा तथा लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने उद्देश्यले अनुगमन तथा मूल्याङ्कन र यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम कुनै निकाय वा पदाधिकारीले गरेको अनुगमनको अनुगमन गर्न वा गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन तथा मूल्याङ्कनका लागि सो कार्यालयले प्रणालीको विकास, कार्ययोजना निर्माण र नतिजामूलक कार्य सम्पादन सूचकहरुको विकास एवं प्रयोग गर्ने वा

गराउनेछ।

९. <u>आयोगले अनुगमन, मूल्याङ्कन गर्न सक्ने</u> : (१) आयोगले देहाय बमोजिम अनुगमन वा मूल्याङ्कन गर्न वा गराउन सक्नेछः-

(क) नेपाल सरकारका आवधिक योजना, गुरु योजना, वार्षिक योजना, राष्ट्रिय महत्वका योजना, समस्यामूलक योजनाको अनुगमन वा मूल्याङ्कन गरी समीक्षा गर्ने,

(ख) कार्यान्वयन सम्पन्न भई सञ्चालनमा रहेका योजनाको दीगोपनाको मूल्याङ्कन गर्ने,

(ग) नेपाल सरकारका योजनाको पूर्व मूल्याङ्कन, मध्यावधि मूल्याङ्कन, योजना सम्पन्न मूल्याङ्कन तथा प्रभाव मूल्याङ्कन गर्ने वा गराउने,

(घ) अन्य कुनै निकायबाट गरिएको योजनाको मूल्याङ्कनको समष्टिगत (मेटा) मूल्याङ्कन गर्ने वा गराउने ।

<u>स्पष्टीकरण</u> : खण्ड (ख) को प्रयोजनका लागि "दीगोपना" भन्नाले कुनै कार्यक्रम वा आयोजनाको निर्माण चरणमा वा सम्पन्न भएपछि त्यस्ता कार्यक्रम वा आयोजनाको निर्धारित समयसम्म निरन्तर सञ्चालनका लागि आवश्यक पर्ने स्रोत साधन तथा मर्मत सम्भारलाई सुनिश्चित गरी अपेक्षित प्रतिफल हासिल गर्ने कार्य सम्झनु पर्छ ।

(२) आयोगले अन्तर सरकारी वित्त हस्तान्तरण सम्बन्धी प्रचलित कानून बमोजिम प्रदेश र स्थानीय तहलाई उपलब्ध गराइएको अनुदान बमोजिम सञ्चालित योजनाको कार्यान्वयन र प्रगतिको सम्बन्धमा समेत अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।

१०. <u>सम्बन्धित मन्त्रालयले अनुगमन, मूल्याङ्कन गर्ने</u> : मन्त्रालयले आफ्नो मातहत सञ्चालित विकास योजनाको लगानी एवं प्रतिफलको नियमित रुपमा अनुगमन र मूल्याङ्कन गर्नु वा गराउनु पर्नेछ ।

११. <u>आयोजनाको प्रमुखले अनुगमन तथा मूल्याङ्कन गर्ने</u> : कुनै आयोजनाको प्रमुखले नियमित रुपमा आयोजनाको अनुगमन तथा मूल्याङ्कन गरी प्राप्त तथ्यका आधारमा आयोजना सम्बन्धी निर्णयलाई तथ्यपरक बनाउने, समस्या पहिचान गरी समाधान गर्ने र सोको विवरण सम्बन्धित मन्त्रालय र आयोगमा पठाउनु पर्नेछ ।

१२. <u>प्रदेशस्तरमा अनुगमन तथा मूल्याङ्कन गर्ने</u> :(१) प्रदेश सरकारले कानून बनाई प्रदेशस्तरका योजनाको

नियमित रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था मिलाउनेछ ।

(२) उपदफा (१) बमोजिम कानून नबनेसम्म प्रदेश सरकारले यस ऐन बमोजिमको प्रक्रिया अवलम्बन गरी अनुगमन तथा मूल्याङ्कन गर्नु पर्नेछ ।

(३) प्रदेशस्तरमा कार्यान्वयनमा रहेका वा सम्पन्न भई सञ्चालनको चरणमा रहेका कार्यक्रम तथा आयोजनाको लगानी र प्रतिफलको नियमित वा आवश्यकता अनुसार स्थलगत अनुगमन गर्ने जिम्मेवारी प्रदेशस्तरका सार्वजनिक निकायको हुनेछ ।

(४) प्रदेशले स्थानीय तहलाई उपलब्ध गराएको अनुदानबाट सञ्चालित कार्यक्रम तथा आयोजनाको सम्बन्धमा प्रदेश सरकारले अनुगमन तथा मूल्याङ्कन गर्नेछ।

(५) प्रदेश सरकारले उपदफा (४) बमोजिम अनुदान दिइएको रकमको सदुपयोग र त्यसबाट प्राप्त उपलब्धी एवम् तत् सम्बन्धी अन्य विषयमा सम्बन्धित स्थानीय तहलाई सल्लाह वा मार्गदर्शन दिन सक्नेछ।

(६) यस दफा बमोजिम गरिएको अनुगमन, मूल्याङ्कनको प्रतिवेदन प्रदेशको सम्बन्धित मन्त्रालयले नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सम्बन्धित मन्त्रालय र आयोगमा नियमित रुपमा पठाउनु पर्नेछ ।

१३. <u>स्थानीय तहले अनुगमन तथा मूल्याङ्कन गर्ने</u> : (१) स्थानीय तहले स्थानीयस्तरका योजनाको नियमित रुपमा अनुगमन तथा मूल्याङ्कन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन तथा मूल्याङ्कन गर्ने सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिम स्थानीय तहले अनुगमन तथा मूल्याङ्कन सम्बन्धी प्रक्रिया निर्धारण नगरेको अवस्थामा यस ऐन बमोजिमको प्रक्रिया अवलम्बन गरी अनुगमन तथा मूल्याङ्कन गर्नु पर्नेछ ।

(४) जिल्लासभाले गाउँपालिका र नगरपालिकाहरुको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५) यस दफा बमोजिम गरिएको अनुगमन, मूल्याङ्कनको प्रतिवेदन स्थानीय तहले नेपाल सरकारको सम्बन्धित मन्त्रालय, आयोग र प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयमा

नियमित रुपमा पठाउनु पर्नेछ।

१४. <u>अनुगमन तथा मूल्याङ्कनमा सार्वजनिक निकायका प्रमुखको जिम्मेवारी</u> : (१) अनुगमन तथा मूल्याङ्कनलाई व्यवस्थित एवं विश्वासिलो बनाउन आवश्यक पर्ने स्रोत साधन उपलव्ध गराउने र आवश्यक जनशक्तिको व्यवस्था गर्ने दायित्व सार्वजनिक निकायका प्रमुखको हुनेछ ।

(२) कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने सार्वजनिक निकायका प्रमुखले अनुगमन वा मूल्याङ्कनमा खटिएको व्यक्तिलाई अनुगमन वा मूल्याङ्कनसँग सम्बन्धित तथ्याङ्क, सूचना र कागजात उपलब्ध गराउनु पर्नेछ ।

(३) सार्वजनिक निकायका प्रमुखले अनुगमन वा मूल्याङ्कनबाट प्राप्त प्रतिवेदन, सूचना, नतिजा तथा सुझावलाई आफ्नो वेबसाइट मार्फत एक महिनाभित्र सार्वजनिक गर्नु पर्नेछ ।

(४) सार्वजनिक निकायका प्रमुखले अनुगमन वा मूल्याङ्कनबाट प्राप्त नतिजा तथा सुझावलाई योजना कार्यान्वयन गर्दा पृष्ठपोषणको रूपमा लिनु पर्नेछ ।

(५) सार्वजनिक निकायका प्रमुखले कार्यालय तथा योजना व्यवस्थापनसँग सम्बन्धित महत्वपूर्ण सूचना तथा प्रतिवेदन विद्युतीय अभिलेखमा समेत सुरक्षित राख्नु पर्नेछ ।

(६) योजना कार्यान्वयन गर्ने जिम्मेवारी पाएका सार्वजनिक निकायले आफ्नो सङ्गठनभित्र अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्य गर्ने महाशाखा वा शाखा वा यस कार्यका लागि जिम्मेवार व्यक्ति तोक्नु पर्नेछ ।

१५. <u>तेस्रो पक्षबाट अनुगमन वा मूल्याङ्कन गर्न सकिने</u> : (१) यस ऐन बमोजिम अनुगमन वा मूल्याङ्कन गर्न जिम्मेवारी पाएको निकायले तोकिएका कार्यक्रम तथा आयोजनाहरुको पहिचान गरी वार्षिक रुपमा तेस्रो पक्षबाट अनुगमन वा मूल्याङ्कन गराउन सक्नेछ ।

(२) यस ऐन बमोजिम कुनै कार्यक्रम तथा आयोजनाको सम्बन्धमा तेस्रो पक्षबाट अनुगमन वा मूल्याङ्कन गराउनु पर्ने भएमा त्यस्तो कार्यक्रम तथा आयोजनामा कुनै किसिमको प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा स्वार्थ वा हित नजोडिएको व्यक्ति वा संस्था मार्फत गराउनु पर्नेछ ।

१६. <u>दोहोरो नपर्ने गरी अनुगमन वा मूल्याङ्कन गर्नु पर्ने</u> : (१) यस ऐन बमोजिम विभिन्न निकायबाट अनुगमन वा मूल्याङ्कन गर्दा एउटै विषयमा दोहोरो नपर्ने गरी गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै निकायले गरेको अनुगमन वा

मूल्याङ्कन प्रभावकारी नभएको वा पूर्ण नभएको भन्ने वस्तुनिष्ठ आधार भएको अवस्थामा माथिल्लो निकायले पुनः अनुगमन वा मूल्याङ्कन गर्न वा गराउन सक्नेछ ।

१७. प्रतिवेदन पेश गर्ने : (१) योजना कार्यान्वयन गर्ने सार्वजनिक निकायले योजनाको अवधि, लक्ष्य, भौतिक तथा वित्तीय प्रगति, प्रमुख सूचकको अवस्था र कार्यान्वयनमा देखिएका समस्या तथा समाधानका उपाय समेत समावेश गरी द्वैमासिक, चौमासिक तथा वार्षिक प्रतिवेदन माथिल्लो निकायमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त प्रतिवेदन सम्बन्धमा सम्बन्धित निकायले कम्तीमा द्वैमासिक, चौमासिक र वार्षिक रूपमा समीक्षा गर्नु पर्नेछ ।

(३) योजना कार्यान्वयन गर्ने सार्वजनिक निकायले योजना कार्यान्वयनको चरणमा गरेको अनुगमन वा मूल्याङ्कन सम्बन्धी सुझाव सहित कार्यसम्पन्न प्रतिवेदन तयार गरी एक महिनाभित्र माथिल्लो निकायमा पेश गर्नु पर्नेछ ।

(४) सम्बन्धित मन्त्रालयले आफू अन्तर्गतका निकायका योजनाको प्रगति सम्बन्धी द्वैमासिक, चौमासिक तथा वार्षिक प्रतिवेदन तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आयोग समक्ष पठाउनु पर्नेछ ।

(५) यस ऐन बमोजिम अनुगमन वा मूल्याङ्कन प्रतिवेदन आयोगले निर्धारण गरे बमोजिमका विषय समावेश गरी यथाशीघ्र तयार गर्नु वा गराउनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम तयार गरिएको अनुगमन वा मूल्याङ्कन सम्बन्धी प्रतिवेदन देहाय बमोजिमको प्रक्रिया मार्फत सार्वजनिक गर्नु पर्नेछः-

(क) सम्बन्धित मन्त्रालय वा निकायको वेबसाइटमा राख्ने,

(ख) सम्बन्धित सरोकारवालाहरुसँग छलफल, बैठक वा अन्तरक्रिया गर्ने ।

१८. सुझाव कार्यान्वयन गर्ने : (१) यस ऐन बमोजिम गरिएको अनुगमन वा मूल्याङ्कनबाट प्राप्त सुझाव सम्बन्धित सार्वजनिक निकायले कार्यान्वयन गर्नु पर्नेछ ।

(२) सार्वजनिक निकायले उपदफा (१) बमोजिम सुझाव कार्यान्वयनको लागि कार्यान्वयन योजना तयार गर्नु पर्नेछ र त्यस्तो सुझाव कार्यान्वयन गर्न नसकिने देखिएमा सोको कारण सहितको विवरण तयार गरी अभिलेख राख्नु पर्नेछ ।

(३) आयोगले अनुगमन वा मूल्याङ्कन गरी तयार गरेको प्रतिवेदनका सुझावको कार्यान्वयन सम्बन्धी विषय आयोगले नेपाल सरकार समक्ष पेश गर्ने वार्षिक प्रतिवेदनमा समावेश गर्नु पर्नेछ ।

## परिच्छेद-४

## समिति सम्बन्धी व्यवस्था

१९. राष्ट्रिय विकास समस्या समाधान समिति :(१) अनुगमन तथा मूल्याङ्कन सम्बन्धी सर्वोच्च संयन्त्रका रूपमा देहाय बमोजिमको राष्ट्रिय विकास समस्या समाधान समिति रहनेछः-

(क) प्रधानमन्त्री -अध्यक्ष

(ख) नेपाल सरकारका मन्त्रीहरू -सदस्य

(ग) प्रदेश सरकारका मुख्य मन्त्रीहरु -सदस्य

(घ) राष्ट्रिय योजना आयोगको उपाध्यक्ष -सदस्य

(ङ) राष्ट्रिय योजना आयोगका सदस्यहरू -सदस्य

(च) मुख्य सचिव -सदस्य

(छ) अर्थ सचिव -सदस्य

(ज) राष्ट्रिय योजना आयोगको सचिव सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठक प्रत्येक चौमासिक अवधिमा कम्तीमा एक पटक बस्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठकमा आवश्यकता अनुसार संघ, प्रदेश तथा स्थानीय तहका सम्बन्धित पदाधिकारी वा विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(४) उपदफा (१) बमोजिमको समितिको बैठक तथा निर्णय सम्बन्धी कार्यविधि सोही समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

२०. राष्ट्रिय विकास समस्या समाधान समितिको काम, कर्तव्य र अधिकार : (१) दफा १९ बमोजिमको राष्ट्रिय विकास समस्या समाधान समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) नेपाल सरकारका मन्त्रालय अन्तर्गत सञ्चालित योजना कार्यान्वयन प्रगतिको

समीक्षा गर्ने,

(ख) मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिबाट प्राप्त समस्या सम्बन्धमा छलफल गरी आवश्यक निर्देशन दिने,

(ग) योजनाको कार्यान्वयनमा देखिएका समस्याको अध्ययन, अनुसन्धान तथा मूल्याङ्कन गर्ने वा गराउने,

(घ) योजनाको कार्यान्वयन तहमा भएका अन्तर मन्त्रालयगत तथा नीतिगत समस्याको समाधान गर्ने,

(ङ) सार्वजनिक निकायबाट निर्दिष्ट लक्ष्य अनुसार प्रतिफल प्राप्त नभएका योजना र त्यस्तो योजनाको प्रमुखको कार्यसम्पादनको बारेमा छानबिन गराउने,

(च) नेपाल सरकारबाट वित्त हस्तान्तरण अन्तर्गत सञ्चालनमा रहेका योजनाको कार्यान्वयनका लागि प्रदेश र स्थानीय तहलाई निर्देशन दिने, र

(छ) नेपाल सरकारले राष्ट्रिय विकास समस्या समाधान समितिले गर्ने भनी तोकेका कार्यहरु गर्ने ।

(२) मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिबाट प्राप्त द्वैमासिक, चौमासिक तथा वार्षिक प्रतिवेदनको आधारमा आयोगले एकीकृत प्रतिवेदन तयार गरी दफा १९ बमोजिमको समितिमा पेश गर्नु पर्नेछ ।

२१. <u>मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति</u> : (१) नेपाल सरकारका सबै मन्त्रालयमा देहाय बमोजिमको मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति रहनेछः-

(क) सम्बन्धित मन्त्री -अध्यक्ष

(ख) सम्बन्धित राज्यमन्त्री तथा सहायक मन्त्री -सदस्य

(ग) सदस्य, राष्ट्रिय योजना आयोग (सम्बन्धित विषयगत क्षेत्र हेर्ने) -सदस्य

(घ) सचिव, नेपाल सरकारको सम्बन्धित मन्त्रालय -सदस्य

(ङ) सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(अनुगमन तथा मूल्याङ्कन सम्बन्धी विषय हेर्ने) -सदस्य

(च) सहसचिव, अर्थ मन्त्रालय (अनुगमन तथा मूल्याङ्कन सम्बन्धी विषय हेर्ने) -सदस्य

(छ) सहसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (मानव स्रोत सम्बन्धी विषय हेर्ने) -सदस्य

(ज) सहसचिव, राष्ट्रिय योजना आयोग (अनुसन्धान तथा मूल्याङ्कन सम्बन्धी विषय हेर्ने) -सदस्य

(झ) सहसचिव, राष्ट्रिय योजना आयोग (विषय क्षेत्रगत महाशाखा) -सदस्य

(ञ) प्रमुख, सम्बन्धित मन्त्रालय अन्तर्गतका विभाग -सदस्य

(ट) सहसचिव, सम्बन्धित मन्त्रालय ( योजना सम्वन्धी बिषय हेर्ने) -सदस्य

(ठ) प्रमुख, सम्बन्धित मन्त्रालय (अनुगमन तथा मूल्याङ्कन सम्बन्धी विषय हेर्ने महाशाखा) -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञ वा सम्बन्धित योजनाका पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक द्वैमासिक अवधिमा कम्तीमा एक पटक बस्नेछ ।

(४) उपदफा (१) बमोजिमको समितिको बैठक तथा निर्णय सम्बन्धी कार्यविधि सोही समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

२२. मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको काम, कर्तव्य र अधिकार : दफा २१ बमोजिमको मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आफ्नो मन्त्रालय र अन्तर्गतका योजनाको कार्यान्वयन स्थितिको समीक्षा गर्ने,

(ख) खण्ड (क) बमोजिम समीक्षा गर्दा योजनाको कार्यान्वयनमा देखिएका समस्याको सम्बन्धमा छलफल गरी समाधान गर्ने,

(ग) कुनै योजना कार्यान्वयनमा देखिएका समस्यामध्ये समाधान हुन नसकेका विषयमा लिनुपर्ने निर्णयका विकल्पहरु पहिचान गरी सिफारिस सहित राष्ट्रिय विकास समस्या समाधान समितिमा राख्न आयोगमा पठाउने,

(घ) सम्बन्धित मन्त्रालय अन्तर्गतको द्वैमासिक, चौमासिक तथा वार्षिक प्रतिवेदन उपर छलफल गर्ने,

(ङ) मन्त्रालय तथा सम्बन्धित विभागको मातहतमा सञ्चालित योजनाको सम्बन्धमा सम्बन्धित निकाय वा अधिकारीले अनुगमन वा मूल्याङ्कन गरे नगरेको निक्यौंल गरी आवश्यक निर्देशन दिने ।

परिच्छेद-५

विविध

२३. सेवा प्रदायक र सेवाग्राहीलाई सहभागी गराउन सकिने : योजनाको कार्यान्वयन प्रक्रियालाई पारदर्शी तथा उत्तरदायी बनाउन त्यस्तो योजनाको अनुगमन वा मूल्याङ्कन गर्दा सेवा प्रदायक र सेवाग्राहीलाई तोकिए बमोजिम सहभागी गराउन सकिनेछ ।

२४. सार्वजनिक परीक्षण, सामाजिक परीक्षण वा सार्वजनिक सुनुवाइ गराउने : संघ, प्रदेश र स्थानीय तहबाट विकास निर्माणमा सामाजिक जवाफदेहिता प्रबर्द्धन गर्न सम्बन्धित निकायले तोकिए बमोजिम सार्वजनिक परीक्षण (पब्लिक अडिट) वा सामाजिक परीक्षण (सोसल अडिट) वा सार्वजनिक सुनुवाइ (पब्लिक हेयरिङ्ग) गर्नु पर्नेछ ।

२५. विद्युतीय प्रणालीको प्रयोग : (१) सार्वजनिक निकायले सेवा प्रवाहको लागि विद्युतीय प्रणालीको प्रयोग गर्न सक्नेछ । त्यस्तो प्रणालीमा तोकिए बमोजिम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आयोगको पहुँच हुनेछ।

(२) आयोगले अनुगमन वा मूल्याङ्कन सम्बन्धी कार्यलाई व्यवस्थित र छिटो छरितो बनाउन विद्युतीय माध्यमबाट व्यवस्थापन सूचना प्रणालीको विकास र सञ्जालीकरण (नेटवर्किङ) गर्नेछ। त्यस्तो प्रणालीमा सबै सार्वजनिक निकायहरु आवद्ध हुनेछन् र सोको प्रयोग सम्बन्धी आयोगले जारी गरेका निर्देशनहरु पालना गर्नेछन्।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि "व्यवस्थापन सूचना प्रणाली" भन्नाले योजना तथा विभिन्न क्रियाकलापसँग सम्बन्धित सूचनालाई व्यवस्थित रूपमा एकत्रित गरी सम्बन्धित निकाय वा

तहसम्म पुऱ्याउने पद्धति सम्झनु पर्छ ।

२६. भौतिक तथा वित्तीय प्रगति विवरण दिनु पर्ने : प्रदेश र स्थानीय तहले सङ्घबाट प्राप्त सशर्त, समपूरक र विशेष अनुदानबाट सञ्चालित योजनाको भौतिक तथा वित्तीय प्रगति र निर्दिष्ट सूचक मार्फत उपलब्धिको विवरण नेपाल सरकारले तोकेको निकाय मार्फत आयोगलाई दिनु पर्नेछ।

२७. आचार संहिता बनाउन सक्ने : आयोगले यस ऐन बमोजिम योजनाको अनुगमन वा मूल्याङ्कन गर्दा अनुगमनकर्ता वा मूल्याङ्कनकर्ताले पालना गर्नु पर्ने आचारसंहिता बनाई लागू गर्न सक्नेछ ।

२८. पुरस्कार दिन सक्ने : यस ऐन बमोजिम अनुगमन वा मूल्याङ्कन गर्दा कार्य प्रगति उत्कृष्ट ठहरिएको योजनाको प्रमुख वा सम्बन्धित कर्मचारीलाई नेपाल सरकारले पुरस्कार दिन सक्नेछ।

२९. कार्यसम्पादन मूल्याङ्कन गर्दा आधार लिनु पर्ने : योजनामा संलग्न कर्मचारी वा पदाधिकारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा त्यस्तो योजनाको कार्य प्रगतिलाई समेत आधार लिनु पर्नेछ ।

३०. विभागीय कारबाही हुने : (१) विभागीय मन्त्रीले यस ऐनमा भएको व्यवस्था बमोजिम कार्य नगर्ने नगराउने विभागीय प्रमुखलाई सचेत गराउन सक्नेछ।

(२) आफ्नो मातहतको योजनाको अनुगमन नगर्ने नगराउने, प्रगति प्रतिवेदन तयार नगर्ने, निर्धारित समयमा सूचना वा प्रतिवेदन नपठाउने, काममा लापरवाही गर्ने निकाय, कार्यालय वा योजनाका प्रमुखलाई तालुक निकायका विभागीय प्रमुखले प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्न सक्नेछ ।

(३) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आयोग र अर्थ मन्त्रालयले माग गरेको विवरण तोकिएको समयमा उपलब्ध नगराउने वा दिएको निर्देशन तोकिएको समयमा सम्पन्न नगर्ने वा गलत तथ्याङ्क वा सूचना उपलब्ध गराउने निकाय वा व्यक्तिलाई तत् तत् निकायले विभागीय कारबाहीका लागि लेखी पठाउन सक्नेछन्।

३१. प्रचलित कानून बमोजिम हुने : यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम र यस ऐनमा उल्लेख नभएका विषयहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

३२. नियम बनाउने अधिकार : यो ऐन कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

३३. <u>निर्देशिका, कार्यविधि वा दिग्दर्शन बनाउन सक्ने</u> : यो ऐन कार्यान्वयनका सन्दर्भमा आवश्यक पर्ने ढाँचा तोक्ने, अनुगमन तथा मूल्याङ्कनको समय तालिका निर्धारण गर्ने लगायतका विषयमा आयोगले आवश्यक निर्देशिका, कार्यविधि वा दिग्दर्शन बनाउन सक्नेछ ।